# Puspa Shrestha

Best Quality Resource Site for Class 11 And 12 Students
(Based on Updated Curriculum 2077)

Puspa Shrestha
Best Quality Resource Site for Class 11 And 12 Students (Based on Updated Curriculum 2077)
puspas.com.np
PDF Collections
Notes
Books
Model Questions

This PDF was downloaded from **puspas.com.np**

Visit our website for more materials.

puspas.com.np

**Follow us on:**

AR Dinesh puspas.com.np Puspa Shrestha

पाठ ११

# रारा भ्रमण

२०७७ जेठ २३ गते

सधैँ ६ बजे उठ्ने म आज त बिहानै साढे तीन बजे नै उठेँ । अरू दिन जस्तो कहाँ हो र ! आज त विशेष दिन थियो ! किनकि नेपाली प्रकृतिको अनुपम छटाले भरिएको कर्णाली प्रदेशको मुगुमा अवस्थित रारा जाने दिन पो थियो आज ! आँखाका ढकनी त आज साढे तीन बजे पो खुलिसकेछन् ।



झटपट नित्यकर्म सकेर म लागेँ मलाई नै पर्खेर बसिरहेको जिपतर्फ । गुल्मी आँपचौर तल्लाफाँटको 'राष्ट्रिय कफी विकास केन्द्र' अगाडि कुरेर बसिरहेको जिपमा म पुग्दा अन्य साथीहरू आइसकेका रहेछन् । आँपचौरको तल्लाफाँटबाट सुर्खेत पुग्नका लागि बिहान चारै बजे हाम्रो जिप निकै हतारिँदै थियो, किनकि आज जिपलाई करिब चार सय किलोमिटर लामो बाटो गुड्नुपर्ने थियो ।

नवीन दाजु, ललिता भाउजू, गोविन्द गुरुङ, धनलाल सर, प्रवेश भाइ, मनमाया र मसहित छ जना राराका घुमक्कड टोली बोकेर जिप तल्लाफाँटबाट सुर्खेतका लागि कुद्यो ।

ढोरपाटनबाट बग्दै आएको रुद्रावती (बडीघाट) नदीका काखमा अवस्थित तल्लाफाँटबाट रुद्रावती नदीलाई दाहिने पारेर किनारै किनार हामी अघि बढ्यौँ ।

उहिल्यैदेखिको कच्ची तर अहिले ग्राबेल हुँदै कालोपत्रेको पर्खाइमा रहेको तल्लाफाँटदेखि रिडीसम्मको ३० कि.मि. अर्धकच्ची बाटोका जोल्टिङहरूमा हामीलाई हल्र्याङ्हुर्लुङ पारेर हल्लाउँदै जिप हुइँकिदै थियो र झिसमिसेमै  मजुवा, चोरकाटे, उल्लीखोला, खैरेनीका फाँटहरू छिचोल्दै हामीलाई बिहान साढे पाँच बजे रुद्रवेणी पुऱ्यायो । तल्लाफाँटबाट हामी सँगसँगै आएको रुद्रावती र मुस्ताङको दामोदर कुण्डदेखि लामो यात्रा गर्दै आएको काली गण्डकी एकअर्कामा समाहित भएको ठाउँ हो रुद्रवेणी । त्यहाँबाट स्याङ्जा गुल्मी र पाल्पा जिल्लाको मिलन बिन्दु रुरुक्षेत्रका नामले प्रसिद्ध तीर्थ एवम् पर्यटकीय स्थल रिडी पुग्यौँ ।

हाम्रो जिप अर्गली, जोर्ते, लगुवा, हार्थोक हुँदै पाल्पा तानसेन पुग्दा साढे सात बजिसकेको थियो । तानसेनको बतासेडाँडादेखि नागबेली बाटाका घुम्तीमा बटारिँदै गुडिरहेको हाम्रो जिप पर्वास पुग्यो । हामीले पाल्पाको जोरधारामा पुगेर पकौडा, चुकाउनी र चिया खायौँ ।

हामी नौ बजे बुटवल पुगिसकेका थियौँ र हाम्रो जिप बुटवलबाट पश्चिमतर्फ मोडियो । गोरुसिङ्गे, चनौटा, भालुवाङ, लमही हुँदै हामी साँझ चार बजे कोहलपुर पुग्यौँ । बुटवलदेखि भेट भएको पूर्व पश्चिम राजमार्गलाई छाडेर हामी उत्तरतर्फ लाग्यौँ । कोहलपुरमा पूर्वपश्चिम राजमार्गसँग बिदा भएर कर्णाली राजमार्गतर्फ अगाडि बढेको हाम्रो टोली चिसापानी, हात्तिसार र हर्रेको लेक हुँदै छिन्चुमा पुग्यो । हाम्रो जिप भेरी नदी तरेर कोहलपुरदेखिको करिब पचहत्तर किलोमिटरको यात्रा छिचोल्दै सुर्खेत पुग्यो र साँझ नौ बजे सुर्खेत बसपार्ककै एक होटलमा बस्यौँ ।

२०७७ जेठ २४ गते

हिजो दिनभरि जिपमा कुँजिएर बस्दा र जिपले हुइक्याउँदा थाकेर लखतरान भई हिजो दश बजे सुतेका हामी बिहान चारै बजे उठ्न बाध्य भयौँ । किनकि हाम्रो जिपका गुरुबाट हामीलाई पाँचै बजे तयार हुन भन्ने सङ्केत भइसकेको थियो ।

चौबिस गते बिहान पाँचै बजे सुर्खेतबाट राराको यात्रामा निस्क्यौँ । एकछिन त्यहीँ बसेर सुर्खेतको सुन्दर उपत्यकालाई हेर्ने रहर हुँदाहुँदै पनि यस पटकको हाम्रो गन्तव्य रारा भएकाले हामी सुरम्य उपत्यका र बजार छोडेर अघि बढ्न विवश थियौँ । हाम्रो जिप बड्डीचउर पाताल खोला हुँदै तल्लो डुङ्गेश्वर झऱ्यो । हामीले त्यही नै चियानास्ता गऱ्यौँ ।

चिसो हिमाली जल बोकेर तातो तराई झर्दै गरेको कर्णाली नदीको तिरैतिर हामी अघि बढ्यौँ । यस्तो लाग्थ्यो, मानौँ कर्णाली घाम ताप्न तलतल झर्दै छ र हामी शीतलताको खोजीमा माथि माथि सर्दै छौँ । राकम कर्णाली, खिड्की जिउला हुँदै हामी जितेगाढ पुग्यौँ । सिन्जाबाट र जुम्लाबाट झरेका दुई बहिनी जस्ता हिमा र तिला नदी नाग्मगाढमा मिसिएर सुसेली हाल्दै यही जितेगढमा आएर कर्णालीमा हेलिएका थिए । यही दोभानबाट हामी कालिकोटको सदरमुकाम

मान्म र पिली हुँदै हामी नाग्मगाढ पुग्यौं । तिला र हिमा नदीहरू मिसिएको यो ठाउँबाट हामी हिमा नदीको किनारै किनारको राजमार्गलाई नछाडी सिँजा उपत्यकातिर उकालो लाग्यौं ।

नाग्मबाट करिब डेढ घण्टापछि सिँजा उपत्यका प्रवेश गऱ्यौं । सिँजाका वरिपरिका रमणीय बस्ती र खेतहरूलाई हिमा नदीले अभिसिञ्चन गरी  जीवनदान दिएकी रहिछन् । बाइसे खस राज्यको राजधानी, नेपाली भाषाको उद्‌गम स्थल र रातो मार्सी धान उत्पादनको मूल थलो सिँजा उपत्यकाभित्र थुप्रै गाउँ रहेछन् । नराकोटबाट सिँजा प्रवेश गरेपछि त्यस उपत्यकामा पाण्डवगुफा हुँदै गोठीजिउला पुग्यौं । नेपाली भाषाको उद्‌गम भूमि र मार्सी चामलको भूमि रहेछ सिँजा उपत्यका । गोठीजिउलामा पुगेर जिपबाट ओर्लंदै जिपभित्र कुँजिएको जिउ तन्कायौं अनि होटलमा खाना बनाउन लगायौं ।

दुई सय वर्ष पहिले बाइसे राज्यका समयमा यो सिँजा कति गुल्जार थियो होला ? भनिन्छ, यही सिँजाले राणाकालमा दरबारका भान्सामा मार्सी चामल पठाउँथ्यो रे । मोटर बाटाले छोएपछि भने सिँजा अहिले दङ्ग परेको जस्तो मैले अनुभूत गरेँ ।

खाना खाएपछि पवित्र र ऐतिहासिक सिँजालाई आँखाभरि सजाउँदै हामी जिप चढ्यौं । लुड्कु, हाटसिँजा र मालिका बोता जस्ता सहर हुन रहर गर्दै गरेका रमणीय बस्तीहरू छिचोल्दै अघि बढ्यौं ।

हामी ऐतिहासिक सिँजा उपत्यकालाई छोड्दै मालिका बोतादेखि सुरु हुने चट्टान चिरेर बनेको राजमार्गलाई पछ्याउँदै गयौं र चौंथा भन्ने ठाउँमा पुग्यौं । होटल र खानपानको व्यवस्था भएको यस ठाउँबाट उकालिदैं घुच्चीको लेकमा पुग्दा रारा राष्ट्रिय निकुञ्जको चेक पोस्टसँग हाम्रो जम्काभेट भयो । रारा आइपुग्यो कि क्या हो ? भनेर सोधेपछि थाहा भयो, अझै केही ओरालो र जङ्गलपछि मात्र पो रारा ताल पुगिने रहेछ । त्यहाँबाट अघि बढेर पिनागाउँ हुँदै हामी रारा ताल नजिकैको सल्लेरीको जङ्गलमा पुग्यौं । गाडी त्यहीं रोकेर झोला बोकी करिब एक घण्टा हिड्यौं । रात परेकाले होला, बाटाको जङ्गलका फाट्टफुट्ट रुखका ठुटाहरू मान्छे धुम्धुम्ती बसे झैं देखिए । म एक्लै आएको भए त तर्साउँथे होलान् । केही छिनपछि हामी रारा पुग्यौं । हामीले राराकै छेउमा अवस्थित रिसोर्टमा थाकेका झोलाहरू बिसायौं ।

बेलुका नै रिसोर्टमा बसेर आगो ताप्दै गर्दा देखिएको राराको रात्रिकालीन सौन्दर्य र स्थानीयबासीहरूबाट सुन्न पाइएको देउडाको प्राकृतिक स्वाद पनि कम्ती स्वादिलो थिएन । रिसोर्टमा पुग्ना साथ हामीलाई तातो हर्बल चियाले स्वागत गरियो । जति पिए पनि थपिदिने चलन रहेछ । मुख र पेट हर्बलले ताते पनि शरीरसँग सिँगौरी खेल्न भन्दै चिसो हावा आफ्नै गतिमा बगिरहेको थियो ।

रारा भ्रमणमा आएका विदेशीहरू मात्रै होइन स्वदेशी पर्यटक आआफ्नै समूहहरू रिसोर्ट क्षेत्र (कम्पाउन्ड) भित्रै नाचगान र ख्यालठट्टा गर्दै रमाइरहेका दृश्य पनि कम्ती रोचक थिएनन् ! चिसिएको शरीरलाई बलिरहेको आगाका रापमा सेकाउँदै आआफ्नै भाषा र संस्कृतिपरक प्रस्तुति दिइरहेका दृश्यले यस स्थानलाई सिङ्गो विश्वकै सांस्कृतिक केन्द्र बनाइरहेको थियो । यसको प्रत्यक्षदर्शी म आफैँ बनिरहेको थिएँ ।

तराईको गर्मीमा बाफिँदै उकालिएको हाम्रो जिउ रारामा आइपुग्दा पुरै चिसिएको थियो । हामी गुल्मीको भन्दा कैयौँ धेरै गुना चिसो ठाउँमा पुगिसकेका थियौँ । एकछिन अघिसम्म आगाको कृत्रिम तातो र राराको प्राकृतिक चिसोको तीव्र द्वन्द्व अनि लामो यात्राको थकानले लखतरान भएको अनुभव गरेको थिएँ । तर राराको सौन्दर्यपान गर्ने खुसीले मन फुरुङ्ग थियो ।

२०७७ जेठ २५ गते

आज पनि सबै जना बिहान पाँच बजे नै उठ्यौँ । हामी हाम्रो सपनाको गन्तव्य राराको आँगनीमा पुगेर एक टकले सारा रारालाई आँखाका साना नानीभित्रै अटाउन खोज्यौँ ।

बिहानै मिर्मिर उज्यालो भएपछि हामी रारा ताल हेर्न, छुन र त्यसबाट आनन्द लिन राराकै छेउमा पुग्यौँ । किनारमा छचल्किँदै आउने रारा तालका बेताल लहरहरू बैँसले छचल्किएका हुन् या हामीसँग पिरती गाँस्न हतारिएका हुन्, हामीलाई ठम्याउन गाह्रो पऱ्यो । सौन्दर्य हेर्न आउने जति सारा पर्यटकहरूको दिल चोर्ने जादुमयी राराको मादकतामा नलट्ठिने कोही हुँदा रहेनछन् । कवि म.बी.बी. शाहको 'रारा कि अप्सरा' भन्ने कविता सम्झेपछि मलाई लाग्यो, रारामा त शासकलाई समेत एकै नजरमा साहित्यकार र कवि बनाइदिन सक्ने जादु पनि रहेछ । आफू कवि नभए पनि मलाई राराका जुन कुनै दृश्य कविताका सुन्दर पङ्क्ति लागिरहे । सम्पत्ति, सुख र वैभवका पछाडि कुद्दाकुद्दै कृत्रिमताको मैलोले कटकटिएको मानव मनलाई धोइपखालिदिएर प्राकृतिक मान्छे बनाउने जादु पनि यिनै रारामा रहेछ । सुन्दरता यस्तो वस्तु रहेछ जसलाई जति हेरे पनि नअघाइँदो रहेछ र अझै भोक जागिरहँदो रहेछ ।

हामीले रारा राष्ट्रिय निकुञ्जको कार्यालयको दक्षिण फर्केको गेटनजिकै बसेर पनि रारालाई हेऱ्यौँ । राराकै किनारमा बस्दा राराका छालहरू छचल्किँदै हामीसँग जिस्किन आइपुगे र हामीलाई त्यो चिसो पानीले छुँदा रारा नानीको न्यानो मायाले जिउ नै सिरिङ्ग पारेको अनुभूत भयो । हामीले राराको वरिपरि करिब पाँच किलोमिटर हिँडेर एक फेरा पनि लगायौँ । चारैतिरबाट सदाबहार वनस्पतिले भरिएका पहाडले डिल लगाए जस्ता डाँडाहरूले घेरिएको यो रारा र यसको गाढा हरियो पानी हेर्दाको दिव्य अनुभूतिको वर्णन शब्दहरूबाट मात्र सम्भव थिएन ।

मलाई लाग्यो, शुक्ल पक्षमा चाहिँ राराका तालभित्र दिउँसो र राती, घाम र जून पालो बाँडेर आलोपालो पौडिँदा होलान् । रातीको यस्तो मादक दृश्य देखेर दिउँसो आकाशमा देखिने बादलका दलहरू, नजिकै ठडिएका हरिया पहाडहरू तथा सैँपाल, सिस्ने र कान्जिरोवा जस्ता हिमालहरू पनि तँछाडमछाड गर्दै राराका लहरमा हाम्फाल्दै लहरिएर अपूर्व आनन्द लुट्दा होलान् !

त्यहाँको कञ्चन जल देख्दा लाग्यो, राराको यो जल साधारण होइन, असाधारण छ । यो जल राराकै सरोफेरोको घना जङ्गलमा रहेका सयौँ प्रकारका असङ्ख्य जडीबुटीहरूका जराका वनौषधीहरूको अनुपम रसायन र सम्मिश्रणबाट बनेको छ । त्रेता युगमा लक्ष्मण घाइते हुँदा हनुमान्जी सञ्जीवनी बुटी लिन हिमाली भेगमा आउँदा कुन चाहिँ सञ्जीवनी बुटी हो ठम्याउन नसकी सिङ्गो पर्वत नै उठाएर लगेको मिथक भनूँ वा किंवदन्ती भनौँ त्यो कल्पना मात्र होइन कि भन्ने कुरालाई त्यस दृश्यले पुष्टि गर्थ्यो ।

रारालाई पहरा दिएर बसेका वरिपरिका पहाड र त्यहाँ सुषुप्त वनस्पति सम्भेर मेरो छाती गर्वले फुल्यो । म आफूभित्र नेपाली हुनाको गौरवको नयाँ सगरमाथा उभियो ।

समुद्री सतहदेखि २९७२ मिटरको उचाइमा अवस्थित यस तालको लम्बाइ अधिकतम पाँच किलोमिटर र चौडाइचाहिँ अधिकतम ३.२ किलोमिटर रहेछ । १०.८ वर्ग किलोमिटर ओगटेको क्षेत्रफल स्वयम्ले नै यस तालको विशालता, उच्चता र भव्यताको साक्ष्य प्रस्तुत गरेको रहेछ । बिहान सूर्य उदाउँदा काँच झैँ टलल टल्किनु, दिउँसो चल्ने बताससँगै राराको पानी आफैँ हावामा लहर्दिँदै तरेली खेल्नु र आकाशमा बादल लाग्दा सोही बादललाई तानेर पुरै तालभरि नै ओढ्याई दिनभरमा तीनपटक सौन्दर्य सज्जा गर्दै पर्यटक लठ्याउनका लागि रारा नानीले अनेक रूप फेर्दिरहिछन् । रारा नजिकै करिब दुई घण्टाको हिँडाइबाट पुगिने मुर्माटप भन्ने अत्यन्त महत्त्वपूर्ण ठाउँ रहेछ ।

राराको पुरै दृश्यावलोकन गर्न अपी, कान्जिरोवा र सिस्ने जस्ता हिमालहरू हेर्न पाइने उक्त ठाउँमा पुग्न हामी सकेनौँ ।

हामीले पनि हिजो राति एक जना देउडा गायकले गाएको र राराबाट छुट्टिएर जाँदा हामीलाई घत लागेको यो देउडा गीत गुनगुनायौँ :

भोल उठी बाइजान्या हौँ बसेइ है रारा ताल
आक्को साल फेरि आउँला नबिर्सन्या मायाजाल ।

यसरी रारालाई हेर्ने र अघाउने धोको अधुरै छाडी अर्कोपल्ट अघाउन्जेल हेर्न आउने वाचाका साथ हामी साँझ सात बजेतिर पुनः रिसोर्टमै फर्क्यौँ । हामी हतारिएका थियौँ किनकि हामीलाई भोलि बेलुकी सुर्खेत पुग्नु थियो र पर्सिसम्म आफ्नै जन्मथलो पुग्नै पर्ने थियो ।

## शब्दभण्डार

१. **दिइएका पदावली र अर्थको जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| विविधतायुक्त वैभव | सधैँ हरियो हुने रुखबिरुवा |
| सञ्जीवनी बुटी | अलौकिक अनुभूति |
| अवलोकन भ्रमण | भिन्नताले भरिएको सम्पत्ति |
| दिव्य अनुभूति | जीवन बचाउने औषधी |
| शुक्ल पक्ष | शिलामा लेखिएको लेख |
| सदावहार वनस्पति | विभिन्न दृश्यको अवलोकनका लागि गरिने भ्रमण |
| | कृष्णपक्ष पछिको पन्ध्र दिन |

२. **दिइएका शब्दहरू प्रयोग गरी एउटा अनुच्छेद तयार पार्नुहोस् :**

अनुपम, उद्‌गम, साक्षी, गुल्जार, जम्काभेट, निकुञ्ज, सौन्दर्य, गन्तव्य, सदावहार, वनस्पति

३. **दिइएका प्राविधिक तथा पारिभाषिक शब्दको अर्थ खोजेर लेख्नुहोस् :**

(क) दृश्यावलोकन, अनुभूति, पिरती, कविता (मानविकी)

(ख) कच्ची, जिप, राजमार्ग, बसपार्क (यातायात क्षेत्र)

(ग) उपत्यका, चट्टान, पर्वत, क्षेत्रफल, हिमाल (भूगोल)

(घ) खस राज्य, बस्ती, शासक, कार्यालय (प्रशासन)

(ङ) होटल, खानपान, रिसोर्ट, भ्रमण (पर्यटन)

(च) निकुञ्ज, संरक्षण, सदावहार, वनस्पति (वनविज्ञान)

४. **दिइएका शब्दहरू कुन कुन विषयक्षेत्रसँग सम्बन्धित छन् पहिचान गरी अर्थ लेख्नुहोस् :**

(क) अध्याय, व्यक्तिवृत्त, मूल्याङ्कन, निःशुल्क, दूरसञ्चार

(ख) अब्बल, पर्ती, सुकुम्बासी, भूक्षय, ऐलानी, खण्डवृष्टि, छपान

(ग) अनुभूति, एकाधिकार, पुरातत्त्व, उपभोक्ता, आशुकवि, शिलालेख, शीतयुद्ध

(घ) अग्रिम, अधिकृत, तदर्थ, फस्र्योट, बेरुजु, निलम्बन, राजस्व

(ङ) तारिख, अधिवक्ता, देवानी, फौजदारी, विधेयक, मुचुल्का, सार्वभौमसत्ता, जमानत, बिगो

(च) बहिरङ, कुपोषण, निदान, चक्रटो, जीवाणु, लवण, शिलान्यास

(छ) ऊर्जा, क्षेप्यास्त्र, तापक्रम, जीवकोश, स्नायु, तारापुञ्ज, प्रक्षेपण, विकिरण

**५. दिइएका विषयक्षेत्रका आधारमा समूह बनाई हरेक क्षेत्रका दश दशओटा शब्दहरू खोज्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् :**

(क) शिक्षा

(ख) कृषि तथा वन क्षेत्र

(ग) मानविकी र सामाजिकशास्त्र

(घ) व्यापार, वाणिज्य

(ङ) कानुन तथा राजनीतिशास्त्र

(च) चिकित्सा

(छ) विज्ञान तथा प्रविधि

(ज) सञ्चार क्षेत्र

(झ) जनप्रशासन

(ञ) इन्जिनियरिङ

## बोध र अभिव्यक्ति

**१. पाठका आधारमा उत्तर भन्नुहोस् :**

(क) दैनिकीलाई कस्तो ढाँचामा प्रस्तुत गरिएको छ ?

(ख) दैनिकीमा प्रयोग भएको सबैभन्दा ठुलो र सानो अनुच्छेद संरचना कुन कुन हुन् ?

(ग) दैनिकीको सुरुदेखि अन्त्यसम्मका संरचनालाई जोड्ने आधार के हो ?

(घ) दैनिकीको दोस्रो दिनका घटनाहरूको सूची बनाउनुहोस् ।

२. **“बिहानै मिर्मिरे....जागिरहँदोरहेछ” दैनिकी अंशका आधारमा दिइएका प्रश्नहरूको उत्तर दिनुहोस् :**

(क) रारा तालका बेताल लहरहरू कस्ता थिए ?

(ख) राराले शासकलाई पनि कसरी कवि बनाउन सक्दो रहेछ ?

(ग) राराको सुन्दरतालाई किन जादु भनिएको हो ?

(घ) यस अनुच्छेदमा राराको प्राकृतिक सौन्दर्यको वर्णन कसरी गरिएको छ ?

३. **दिइएको दैनिकी अंशका आधारमा सोधिएका प्रश्नहरूको उत्तर लेख्नुहोस् :**

हामी ऐतिहासिक सिँजा उपत्यकालाई छोड्दै मालिका बोतादेखि सुरु हुने चट्टान चिरेर बनेको राजमार्गलाई पछ्याउँदै गयौँ र चौँथा भन्ने ठाउँमा पुग्यौँ । होटल र खानपानको व्यवस्था भएको यस ठाउँबाट उकालिदैँ घुच्चीको लेकमा पुग्दा रारा राष्ट्रिय निकुञ्जको चेक पोस्टसँग हाम्रो जम्काभेट भयो । रारा आइपुग्यो कि क्या हो ? भनेर सोधेपछि थाहा भयो, अझै केही ओरालो र जङ्गलपछि मात्र पो रारा ताल पुगिने रहेछ । त्यहाँबाट अघि बढेर पिनागाउँ हुँदै हामी रारा ताल नजिकैको सल्लेरीको जङ्गलमा पुग्यौँ । गाडी त्यहीँ रोकेर झोला बोकी करिब एक घण्टा हिड्यौँ । रात परेकाले होला, बाटाको जङ्गलका फाट्टफुट्ट रुखका ठुटाहरू मान्छे धुम्धुम्ती बसे झैँ देखिए । म एक्लै आएको भए त तर्साउँथे होलान् । केही छिनपछि हामी रारा पुग्यौँ । हामीले राराकै छेउमा अवस्थित रिसोर्टमा थाकेका झोलाहरू बिसायौँ ।

(क) सिँजा उपत्यकाको चिनारी दिनुहोस् ।

(ख) लेखकले सिँजादेखि रारासम्मको यात्रा कसरी पूरा गरे ?

४. **उत्तर दिनुहोस् :**

(क) पाठका आधारमा राराको परिचय दिनुहोस् ।

(ख) दैनिकी लेखकले पहिलो दिनको यात्रा कसरी पूरा गरे ?

(ग) रारा पुगेर लेखक किन खुसी भए ?

(घ) यस दैनिकीमा लेखकको कस्तो प्रकारको अनुभूति प्रस्तुत भएको छ ?

५. **यस दैनिकीमा प्रकृतिलाई कसरी मानवीकरण गरिएको छ, वर्णन गर्नुहोस् ।**

६. **दैनिकी पढी मुख्य मुख्य घटना टिपोट गर्नुहोस् ।**

७. **तपाईं सहभागी भएको कुनै कार्यक्रमको वर्णन गर्दै एक दिनको दैनिकी तयार पार्नुहोस् ।**

८. **२०७६ जेठ २५ गतेको दैनिकीको सारलाई एक अनुच्छेदमा पुनर्लेखन गर्नुहोस् ।**

९. **तपाईंले भ्रमण गर्नुभएको कुनै स्थलको एक दिनको दैनिकी लेख्नुहोस् ।**

१०. **दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नहरूको उत्तर लेख्नुहोस् :**

मिथिला लोककला अत्यन्त प्राचीन र लोकप्रिय कला हो । यस कलामा मिथिला लोकमानस अनेक माध्यमहरूबाट अभिव्यक्त हुँदै आएको छ । यसको सुरुआत, संवर्धन र संरक्षणमा महिलाहरूको योगदान उल्लेखनीय छ । सामान्यतः विभिन्न माङ्गलिक अवसर पारेर घरको भित्तामा, चोक आँगनमा, भाँडाहरूमा तथा लुगाकपडामा समेत यस्ता कलाकृतिको निर्माण गर्ने गरिन्छ । मैथिल लोककलालाई भित्तेचित्र, भूमिचित्र, पटचित्र, काष्ठचित्र, वास्तुचित्र, भाण्डचित्र र व्यक्तिचित्र गरेर अध्ययन गरिएको पाइन्छ । मैथिल कलाकृतिमा सङ्कटबाट सुरक्षा र भविष्यका लागि कल्याणको कामना तथा स्वास्थ्य र समृद्धिको शुभकामना अभिव्यक्त भएको हुन्छ । मैथिल लोककलामा अल्पना निकै प्रसिद्ध छ । यो मैथिली महिलाहरूद्वारा विभिन्न माङ्गलिक अवसरमा आआफ्ना घरआँगन, ढोकाचोक आदिमा चित्रित विभिन्न आकारप्रकारको रेखाचित्र हो । अल्पनालाई घरमा आउँदा र निस्कँदाको शुभसाइतको द्योतक मानिएको छ । यो पानीमिश्रित चामलको पिठोबाट षट्कोण, अष्टकोण र स्वस्तिक जस्ता विभिन्न आकारमा पनि बनाइन्छ ।

**प्रश्नहरू**

(क) मिथिला लोककलामा महिलाको कस्तो भूमिका छ ?

(ख) अल्पना किन निर्माण गरिन्छ ?

(ग) मिथिला लोककलालाई के कसरी वर्गीकरण गरिएको छ ?

(घ) माङ्गलिक र द्योतक शब्दको अर्थ लेख्नुहोस् ।

११. **दिइएको अनुच्छेदलाई चारओटा बुँदामा लेख्नुहोस् र उक्त बुँदाहरू समेटेर एक तृतीयांशमा सारांश लेख्नुहोस् :**

तीर्थस्थलका दृष्टिले समेत रेसुङ्गाको महनीय वैशिष्ट्य छ । प्राचीन युगमा ऋष्यशृङ्ग ऋषिको तपोभूमि भएकाले उनै ऋषिको नाम अपभ्रंश भएर रेसुङ्गा भएको हो भन्ने किंवदन्ती पाइन्छ । ती ऋष्यशृङ्ग ऋषिले नै दशरथका सन्तान नभएपछि अयोध्यामा

गरुर पुत्रेष्ठि यज्ञ गराएको र रामलक्ष्मण जस्ता सन्तानहरू जन्मेको सन्दर्भसमेत विभिन्न ग्रन्थहरूमा पाइन्छ । त्यस्ता महत्त्वपूर्ण व्यक्तिले तपस्या गरेको यस पवित्र भूमिमा सिद्धबाबा, विष्णु, शिव र गणेशका मन्दिरहरूसमेत छन् । भनिन्छ, ऋष्यशृङ्ग मुनिको दर्शन गर्न अयोध्याबाट आएका राम लक्ष्मणले तिनै ऋषिसँग त्यहाँका समस्याका बारेमा प्रश्न गरेका र ती ऋषिले पानीको समस्या बताएपछि जमिनमा बाण हानेर पानी निकालेको कुवाको नाम रामकुवाका नामले अहिले पनि त्यहाँ देख्न सकिन्छ । २०४१ सालमा योगी नरहरिनाथले एक महिना कोटिहोम गरेपश्चात् लुकेको रेसुङ्गाको महत्त्व राष्ट्रिय रूपमा उजागर हुँदै यसको पर्यटकीय र धार्मिक महत्त्व फैलिँदै गएको रहेछ । रेसुङ्गा संरक्षण समितिको रेखदेखमा स्थानीय जातका गाईहरू पालिएको गौशाला पनि यहाँ रहेको छ ।

## सुनाइ र बोलाइ

**१. सुनाइ पाठ ११ मा दिइएका कुन कुन ठाउँका बारेमा बताइएको छ, भन्नुहोस् :**

चन्दनी, अन्तुडाँडो, राजपुर, भद्रपुर, राजापुर, तिल्केनीको उकालो, पाथीभरा, घनघस्याको उकालो, गढीमाई, अघोरी गाड

**२. उत्तर दिनुहोस् :**

(क) घनघस्याको उकालो कहाँदेखि सुरु भएको छ ?

(ख) पृथ्वीको पेटमा भासिने नदी कुन हो ?

(ग) घनघस्याको उकालो कसरी बसेको छ ?

**३. ताना शर्माले घनघस्याको उकालोलाई कसरी चित्रण गरेका छन्, आफ्नै शब्दमा बताउनुहोस् ।**

**४. 'प्रकृतिसँग जुध्नु नै रमाइलो हो,' यस भनाइलाई पुष्टि गर्नुहोस् ।**

## भाषातत्त्व

द्वित्व

**१. दिइएको अनुच्छेदबाट द्वित्व शब्द छानेर लेख्नुहोस् :**

जङ्गल पार गर्ने बित्तिकै बाटामा ससाना बस्तीहरू देखिए । हामी हाम्रो गाडीसाडी बाटामै छोडेर आली आली दगुर्‍यौँ । बस्तीका साना साना घरमा ठुला ठुला मन भएका मान्छेहरू रहेछन् । उनीलाई हामीले आआफ्ना कुराहरू सुनायौँ । बस्तीका मान्छेसँग धनसन नभए पनि फराकिलो मन रहेछ । हामीलाई उनीहरूले घरभित्र लगे र खानासाना खुवाए ।

२. **दिइएका शब्दहरूबाट द्विरुक्त शब्द बनाउनुहोस् :**

घर, बजार, साथी, मान्छे, बाटो, पानी, फूल, हिमाल, चित्र, किताब, गाडी, सामान, गहना, झगडा, सापटी, झल्को, ठुलो, थर्को, सर, बर, एक, चार, पैँचो, बानी, पैसा, चिया, तरकारी, फोन, बोली, टेबल, कलेज, लुगा, हजार

३. **दिइएका द्विरुक्त शब्दहरूलाई उस्तै उस्तै समूहमा सूचीबद्ध गरी निर्माण प्रक्रियासमेत देखाउनुहोस् :**

हात हात, गर्गहना, खोला खोला, सर्सल्लाह, छोरी छोरी, गोदगाद, गाडी गाडी, आनीबानी, ससानो, झझल्को, दुधसुध, चोरचार

४. **'रारा भ्रमण' बाट द्वित्व प्रक्रियाबाट बनेका दशओटा शब्दहरू टिप्नुहोस् र द्वित्व विच्छेद गर्नुहोस् ।**

सन्धि

१. **दिइएका अनुच्छेदबाट सन्धियुक्त शब्द पहिचान गरी सन्धि विच्छेद गर्नुहोस् :**

(क) नरेशले अत्याचार सहन सकेन । ऊ सूर्योदय हुनुअगावै बौद्ध गुम्बामा पुग्यो र दैनिक भेट हुने गुरुलाई भेट्यो । उसले गुरुलाई रुँदै साहुको अत्याचारको कुरा सुनायो । उसको रुवाइले गुरुको मन छोयो । गुरुले साहुलाई सम्झाएपछि साहुले नरेशको दुई महिनाको कमाइ दियो ।

(ख) उसले सम्पूर्ण कार्यको चौथाइ काम पनि सकेको छैन । उसले कहिल्यै निष्काम कर्म गरेन । सधैँ दुराशय राख्यो र चाहिने किताबसिताबको खोजी पनि कहिल्यै गरेन । औद्योगिक क्षेत्रमा जाने, छरछिमेकका मान्छेसँग भेट्ने, पसलमा गएर केही सरसामान किनमेल गर्ने त कुरै छोडौँ ऊ त बिरामी परेर धैर्य गुमाएकी ठुल्दिदीका घरमा पनि जाँदोरहेनछ । मानवोचित व्यवहार नगरी कसरी सभ्य बन्न सकिन्छ र ?

२. **दिइएका शब्दहरूको सन्धि विच्छेद गर्नुहोस् :**

पुस्तकालय, चन्द्रोदय, सूक्ति, नारीश्वर, आज्ञानुसार, देवर्षि, नरेन्द्र, धीरेन्द्र, उल्लेख, संवाद, उद्बोध, सङ्कीर्ण, सन्देश, दिगम्बर, जगदीश, उल्लास, सद्भावना, सन्न्यास, यशोधरा, पुनर्कथन, मनोरञ्जन, हतियार, ढकनी, पन्यालो, प्रेमर्षि

३. **अन्तिम दिनको दैनिकीको चौथो अनुच्छेद पढी सन्धियुक्त चारओटा शब्द खोजी सन्धिविच्छेद गर्नुहोस् ।**

## सिर्जना/परियोजना

१. समूहमा विभाजित भई यात्रा, खानपान, स्वास्थ्य, विद्यालय, चाडपर्व विषयका दैनिकी लेखनका बुँदाहरू तयार पारी दैनिकी लेख्नुहोस् र कक्षामा प्रस्तुत गर्नहोस् ।

२. तपाईंले देख्नुभएको कुनै जात्रा वा उत्सवका बारेमा उल्लेख गर्दै एक दिनको दैनिकी तयार गर्नुहोस् ।

३. दिइएका विषयक्षेत्रका आधारमध्ये तपाईं बसोबास गर्ने वा आसपासको कुनै एक स्थानलाई पर्यटकीय स्थल बनाउन के के गर्नुपर्छ ? स्थानीय तहका जानकार व्यक्तिहरूसँग छलफल तथा अन्तरक्रिया गरी कार्य विवरण एवम् त्यसको योजना प्रस्तुत गर्नुहोस् :

(क) स्थानीय मठ, मन्दिर, गुम्बा, गिर्जाघर, मस्जिद, गुरुद्वारा, चैत्य, देवीस्थान वा अन्य धार्मिक स्थल

(ख) स्थानीय प्राकृतिक महत्त्वको स्थान

(ग) स्थानीय सांस्कृतिक महत्त्वको स्थान

(घ) ऐतिहासिक महत्त्वको स्थान

(ङ) स्थानीय हाट, मेला, जात्रा, उत्सव

## सुनाइ पाठ ११

### जीवनको रमाइलो

म खप्तडमा वसन्त बिसाउन चाहन्छु, तुम्लिङमा हिउँ चिम्ली खेल्न चाहन्छु र राजापुरको काँसे घारीमा झ्याउरे गाउन चाहन्छु । मलाई तिल्केनीको उकालो, घनघस्याको उकालो र चन्दनीको उकालोसित जति प्रेम छ उति नै प्रेम अघोरी गाड, पुवा खोला र टुकुचासित छ । सतबाँझको लेक होस् वा ट्याम्के डाँडो होस्, अन्तु डाँडो होस् वा चन्द्रागिरी होस् जहाँ पनि उस्तै पाराको आफ्नोपनले मेरो मुटु ढुक्ढुक्याउँछ ।

जीवनमा कति उकालाहरू काटियो होला र कति ओरालाहरू झरियो होला तर थोरै व्यक्तिले मात्र घनघस्याको उकालो चढेका होलान् । यो यस्तो उकालो हो कठोरतामा अद्वितीय छ । अघोरी गाडदेखि उकालिन थालेको यो डाँडो सहारा मरुभूमिको तिर्खालाई बिर्साउँछ भने तपाईंतिर हेरेर खिस्स हाँस्छ । संसारले अनेकौं काँचुली फेरिसक्यो, देशका अरू भागले हजारौं नयाँ दृश्यहरू देखिसके तर उकालो अनन्तदेखि उस्ताको उस्तै छ ।

युगहरू बिते र समयले टाप लगायो तर घनघस्याको उकालो उत्तिकै घोसे मुन्टो लगाएको लगाएकै छ । टाउकामा चिप्लो न चिप्लो बरफको केश फुलाएर आफ्नो अररो वृद्ध शरीरमा काला रुखहरूको जिङ्ग्रिङ्ग्रे भुत्ला ठड्याई यो घनघस्या गजधुम्म परेर बसेको छ । यो मान्छेहरूसित रिसाएको छ, अग्घोरै रिसाएको छ, अघोरी गाड जत्तिकै रिसाएको छ अनि पोखराली सेती जत्तिकै रिसाएको छ । सेती नदी पृथ्वीको पेटमा भासिँदै जाओस्, यो चाहिँ ठडिएको ठडिएै छ । यसले कहिल्यै त टाउको झुकाउला कि भनेर निरीक्षण गरिहेरेँ, तर त्यस्तो लक्षण अझै भेटिएन । उल्टो यो झन् झन् दृढ हुँदै गइरहेको पो मैले पाएँ । प्रकृतिसित जुध्नु नै जीवनको रमाइलो हो ।

*साभार : 'घनघस्याको उकालो काट्ता' निबन्धबाट (ताना शर्मा)*